# निगमका भावी रणनीति तथा कार्यक्रमहरू:

हाल पेट्रोलियम पदार्थको भण्डारण क्षमता ७९,१९२ किलोलिटर रहेकोमा मुलुकभरीको माग विश्लेषण गर्दा उक्त भण्डारण क्षमताले बढीमा १३ दिनको माग धान्न सक्ने अवस्था भएको कारण नयाँ भण्डारण गृह निर्माणका कार्यलाई निरन्तरता दिनका साथै विद्यमान संरचनाको मर्मतसम्भार गर्नुपर्ने, थप पेट्रोलियम पदार्थ पाइपलाइनको निर्माण र अन्य सांगठनिक सुधारका कार्य गर्नुपर्ने आवश्यकता देखिएको छ।

**अध्ययन कार्यतर्फः**

१. गुणस्तरीय पेट्रोलियम पदार्थको नियमित र सहज आपूर्ति सुनिश्चित गरिनेछ।पेट्रोलियम पदार्थ प्राप्तिको बैकल्पिक स्थानहरु बारेको अध्ययनलाई निरन्तरता दिइनेछ।

२. निगमको कार्य क्षेत्रमा विविधिकरण गर्न सवारी साधन सञ्चालनका लागि प्रयोग हुन सक्ने बैकल्पिक इन्धनका रुपमा हाइड्रोजन ग्यास, बायो इथानोल (bio-ethanol), बायो डिजेल (bio-diesel) लगायतका जैविक इन्धनको सम्भाव्यता अध्ययन गरी प्राप्त प्रतिवेदनको आधारमा आवश्यक कार्य गरिनेछ।

३. एल.पी. ग्यासको सहज र नियमित आपूर्ति व्यवस्था मिलाउन इण्डियन आयलको रिफाइनरीहरुबाट नेपालसम्मको ढुवानी लागत कम गर्न भारतको मोतिहारीदेखि नेपालको सर्लाही र चितवनसम्म एल. पी. ग्यासको पाइपलाइन तथा भण्डारण गृह निर्माण सम्बन्धी कार्य सम्भाव्यता अध्ययनका आधारमा अगाडि बढाइनेछ।

४. निगमको भलवारीमा रहेको इन्धन डिपोको वरिपरी घना बस्ती रहेको, बढ्दो कारोबारका कारण साँघुरो भएको र सुरक्षा चुनौतीहरु समेत थपिएको कारण स्थानान्तरण गर्नुपर्ने भएकोले रुपन्देहीको धकधईमा अवस्थित निगमको जग्गामा पेट्रोलियम पदार्थ भण्डारण टर्मिनल निर्माण गर्न अध्ययन कार्य अघि बढाइने छ।

५. भरतपुर, सिमरा, जुम्ला लगायतका विमानस्थलमा हवाई इन्धन स्टेसन सञ्चालनका लागि नागरिक उड्डयन प्राधिकरणको सहकार्यमा अध्ययन गरिनेछ।

६. दुर्गम तथा पिछडिएका एवं मध्य पहाडी लोकमार्गमा निगमको आफ्नै पम्पबाट पेट्रोल र डिजेलको खुद्रा विक्री प्रयोजनार्थ आवश्यक अध्ययन गरी जग्गा प्राप्ति गरिनेछ।

७. बैज्ञानिक आधारमा पेट्रोलियम पदार्थको प्राविधिक नोक्सानीको सीमा कायम गर्न विद्यमान प्राविधिक नोक्सानीको सीमा पुनरावलोकन गरिनेछ।

८. थानकोट डिपो हाताभित्र पेट्रोल भण्डारण स्थलको निर्माण गर्न सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

**आपूर्ति तथा वितरण कार्यतर्फः**

९. पेट्रोलियम पदार्थको नियमित आपूर्ति गरी स्वचालित मूल्य निर्धारण प्रणालीलाई निरन्तरता दिइनेछ।

१०. नयाँ टैंकट्रक तथा विस्थापित (Replacement) भई नयाँ आउने टैंक ट्रकलाई इण्डियन आयल कर्पोरेसनले अपनाउने लोडिङ्ग पद्धतिसँग Compatible हुने गरी Bottom Loading लगायत अन्य सुधार कार्यहरु गर्ने नीति अवलम्बन गरिनेछ। Bottom Loading compatible हुने गरी डिपोहरुमा समेत सुधार प्रक्रिया अगाडि बढाइनेछ।

११. निगमका डिपोहरुबाट हुने इन्धनको आपूर्ति र विक्री वितरण प्रकृयालाई प्रभावकारी र व्यबस्थित बनाउन सिङ्गल लकिङ्ग प्रणालीलाई थप प्रभावकारी बनाउदै क्रमश: डिजिटल लकिङ्ग प्रणालीमा रुपान्तरण गरिने कार्य अगाडी बढाइनेछ।साथै डिपोदेखि पेट्रोल पम्प सम्मको दोश्रो चरणको लकिङ्ग सिस्टमलाई यथाशिघ्र कार्यान्वयन गरिनेछ।

१२. पेट्रोलियम पदार्थबाट उत्पन्न हुनसक्ने जोखिम न्यूनीकरण गर्न प्रत्येक डिपोमा आवश्यक थप सुरक्षा यन्त्र उपकरणको व्यवस्था गरिनेछ।

१३. सुरक्षित तथा व्यवस्थित पेट्रोल पम्प संचालनका लागि सो सम्बन्धी मापदण्ड कार्यान्वयनमा जोड दिइनेछ।

१४. खाना पकाउने ग्यास र अन्य पेट्रोलियम पदार्थको कारोबार, प्रयोग र सुरक्षासम्बन्धी जानकारीमूलक श्रव्यदृश्य सामग्रीहरू निर्माण एवं प्रचार प्रसार गरी उपभोक्ता हित प्रर्वद्धन गरिनेछ।

**पूर्वाधार निर्माण तथा भण्डारण व्यवस्थापन कार्यतर्फः**

१५. नेपाल सरकारको नीति अनुरुप न्यूनतम तीन महिनाको पेट्रोलियम पदार्थको मागलाई धान्न सक्ने गरी भण्डारण क्षमता बृद्धि गर्न प्रथम चरणमा कम्तीमा एक महिनालाई पर्याप्त हुने भण्डारण क्षमता विस्तारका लागि चितवन, झापा, सर्लाही, रुपन्देही लगायतका स्थानमा भण्डारण गृह निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।

१६. झापा तथा सर्लाहीमा रहेको निगमको जग्गामा सम्भाव्यताका आधारमा ग्यास बोटलिङ्ग प्लाण्ट तथा एल.पी. ग्यास भण्डारण गृह निर्माणको कार्य शुरु गरिनेछ। आवश्यकता अनुसार देशका अन्य स्थानमा पेट्रोल पम्प तथा ग्यास बोटलिङ्ग प्लाण्ट निर्माण तथा सञ्चालन गर्न जग्गा व्यवस्था लगायतका आवश्यक प्रक्रिया शुरु गरिनेछ।

१७. मोतिहारी–अमलेखगञ्ज पाइपलाइन चितवनको लोथरसम्म विस्तार गर्ने, भारतको सिलिगुडीदेखि नेपालको झापाको चारआलीसम्म पेट्रोलियम पाइपलाइन निर्माण तथा चितवनको लोथर र झापामा भण्डारण स्थलमा ग्रीन फिल्ड टर्मिनल निर्माण गर्ने सम्बन्धमा नेपाल र भारत सरकारबीच सम्पन्न जि टु जी (G to G) सम्झौता बमोजिम कार्य अघि बढाइनेछ।

१८. हाल सञ्चालनमा रहेका डिपोहरूको क्रमशः क्षमता विस्तार तथा आधुनिकीकरण गर्दै लगिनेछ।

१९. पोखरामा हवाई ईन्धन भण्डारण गृह र अमलेखगञ्जमा थप दुईवटा ईन्धन भण्डारण गृह निर्माण सम्पन्न गरिनेछ।

२०. भण्डारण टैंक रूपान्तरणको कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिइनेछ।साथै प्रयोगमा नरहेका टैंकहरुलाई मर्मत सम्भार गरी प्रयोगमा ल्याइनेछ।

२१. बीस वर्षभन्दा पुराना दमकल,फ्यूल डिस्पेन्सर (Fuel Dispenser),रिफ्यूलर (Refueller) तथा अन्य मेशिनरी उपकरणहरूको विस्थापनलाई निरन्तरता दिइनेछ।

**जग्गा प्राप्तितर्फः**

२२. सबै प्रदेशमा पेट्रोलियम पदार्थको भण्डारण क्षमता बढाउने नीति अनुरुप कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा जग्गा प्राप्त गरी पेट्रोलियम पदार्थको भण्डारण गृह निर्माण प्रक्रिया अगाडि बढाइनेछ।

२३. निगमको डिपोको क्षेत्र विस्तार गर्न डिपोसँग सीमा जोडिएका जग्गा, चौहदी मिलान गर्नुपर्ने जग्गा र पार्किङ्ग स्थल बनाउन मिल्ने जग्गाहरूको पहिचान गरी जग्गा प्राप्ति गर्ने कार्य अगाडि बढाइनेछ।

२४. निगमको भण्डारण क्षमता वृद्धि गर्न चितवनको लोथर र रुपन्देहीको धकधईमा निर्माण गरिने पेट्रोलियम पदार्थ भण्डारण स्थलका लागि पहिचान गरिएका स्थानमा आवश्यक थप जग्गा प्राप्त गर्ने प्रकृया अगाडि बढाइनेछ।

२५. धनगढी डिपोलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्न जग्गा प्राप्तिको कार्यलाई अगाडि बढाइनेछ।

**प्रशासनिक सुधारतर्फः**

२६. निगमको संगठन संरचना र दरबन्दीलाई समयानुकूल पुनरावलोकन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ।

२७. बहुबर्षीय परियोजनाहरुलाई पर्याप्त स्रोत साधनको व्यवस्था गरी समयमै सम्पन्न गरिनेछ। परियोजना कार्यान्वयनका लागि आवश्यक विज्ञ एवं दक्ष जनशक्ति व्यवस्थापन गरिनेछ।

२८. निगममा कार्यरत जनशक्तिको समयानुकूल क्षमता विकास गरिनेछ।

२९. नेपाली सेनालाई दिइदै आएको पेट्रोलियम पाइपलाइनको भौतिक सुरक्षाको जिम्मेवारीलाई निरन्तरता दिइनेछ।

३०. निगमको कार्य प्रक्रिया, प्रणाली र संरचनात्मक सुधारका विषयहरू समेटी दश वर्षीय कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ।

३१. निगमको प्रशासनिक खर्चमा मितव्ययिता अपनाई वित्तीय अनुशासन कायम गरिनेछ।

३२. संस्थागत सामाजिक उत्तरदायित्व (CSR) मार्फत् पेट्रोलियम आगजनी नियन्त्रण तथा वातावरण संरक्षण लगायतका नयाँ कार्यक्रमहरू सञ्चालन गर्नुको साथै हाल भइरहेका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

३३. कर्मचारी आवासको लागि आवास व्यवस्थापन कार्य अगाडि बढाइनेछ।

३४. निगमका कानूनी दस्तावेज तथा विनियमावलीहरुलाई समयानुकूल बनाउन आवश्यक परिमार्जन गरिनेछ। निगमको कार्य सम्पादनलाई चुस्त वनाउन नयाँ कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाइ लागू गरिनेछ।

# आ.व. २०८०/८१ को लागि स्वीकृत बार्षिक नीति तथा कार्यक्रमः

आर्थिक वर्ष २०८०/८१ को लागि निगमको नीति तथा कार्यक्रम देहाय बमोजिम रहेको छः-

१. पेट्रोलियम पदार्थको नियमित र सहज आपूर्ति सुनिश्चित गरिनेछ। पेट्रोलियम पदार्थ प्राप्तिको बैकल्पिक स्थानहरुबारेको अध्ययनलाई निरन्तरता दिइनेछ।

२. पेट्रोलियम पदार्थको पूर्ण स्वचालित मूल्य प्रणाली कार्यान्वयनमा ल्याईनेछ।

३. निगमको व्यापार विविधिकरण गर्न बिटुमिन, लुब्रिकेन्टस् र पेट्रोकेमिकल जस्ता पदार्थहरूको व्यवसायिक कारोबार सम्बन्धी कार्य अगाडि बढाइनेछ।

४. निगमको कार्य क्षेत्रमा विविधीकरण गर्न सवारी साधन सञ्चालनका लागि प्रयोग हुन सक्ने बैकल्पिक इन्धनका रुपमा हाइड्रोजन ग्यास, bio-ethanol, bio-diesel लगायतका जैविक इन्धनको सम्भाव्यता अध्ययन गरी प्राप्त प्रतिवेदनको आधारमा आवश्यक कार्य गरिनेछ।

५. नेपाल सरकारको नीति अनुरुप न्यूतनम तीन महिनाको पेट्रोलियम पदार्थको मागलाई धान्न सक्ने गरी भण्डारण क्षमता बृद्धि गर्न प्रथम चरणमा कम्तीमा एक महिनालाई पर्याप्त हुने भण्डारण क्षमता विस्तारका लागि चितवन, झापा, सर्लाही, रुपन्देही लगायतका स्थानमा भण्डारण गृह निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।

६. झापा तथा सर्लाहीमा रहेको निगमको जग्गामा सम्भाव्यताका आधारमा ग्यास बोटलिङ्ग प्लाण्ट तथा एल.पी. ग्यास भण्डारण गृह निर्माणको कार्य शुरु गरिनेछ। आवश्यकता अनुसार देशका अन्य स्थानमा पेट्रोल पम्प तथा ग्यास बोटलिङ्ग प्लाण्ट निर्माण तथा सञ्चालन गर्न जग्गा व्यवस्था लगायतका आवश्यक प्रक्रिया शुरु गरिनेछ।

७. एल.पी. ग्यासको सहज र नियमित आपूर्ति व्यवस्था मिलाउन इण्डियन आयलको रिफाइनरीहरुबाट नेपालसम्मको ढुवानी लागत कम गर्न भारतको मोतिहारीदेखि नेपालको सर्लाही/चितवनसम्म एल. पी. ग्यासको पाइपलाइन तथा भण्डारण गृह निर्माण सम्बन्धी कार्य सम्भाव्यता अध्ययनका आधारमा अगाडि बढाइनेछ।

८. मोतिहारी–अमलेखगञ्ज पाइपलाइन चितवनको लोथरसम्म विस्तार गर्ने, भारतको सिलिगुडीदेखि नेपालको झापाको चारआलीसम्म पेट्रोलियम पाइपलाइन निर्माण तथा चितवनको लोथर र झापामा भण्डारण स्थलमा ग्रीन फिल्ड टर्मिनल निर्माण गर्ने सम्बन्धमा नेपाल र भारत सरकारबीच सम्पन्न G to G सम्झौता बमोजिम कार्य अघि बढाइनेछ।

९. निगमको भलवारीमा रहेको इन्धन डिपोको वरीपरी घना बस्ती रहेको, बढ्दो कारोबारका कारण साँघुरो भएको र सुरक्षा चुनौतीहरु समेत थपिएको कारण स्थानान्तरण गर्नुपर्ने भएकोले

रुपन्देहीको धकधईमा अवस्थित निगमको जग्गामा पेट्रोलियम पदार्थ भण्डारण टर्मिनल निर्माण गर्न अध्ययन प्रक्रिया अघि बढाइने छ।

१०. सबै प्रदेशमा पेट्रोलियम पदार्थको भण्डारण क्षमता बढाउने नीति अनुरुप कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा जग्गा प्राप्त गरी पेट्रोलियम पदार्थको भण्डारण गृह निर्माण प्रक्रिया अगाडि बढाइनेछ।

११. निगमको देशभर रहेका जग्गा, भौतिक संरचना, डिपोहरु, पेट्रोल पम्प, पाइपलाइन आदिको Geographical location, Topographical map, Digital graphic लगायतका जानकारी संकलन गर्नको लागि GIS Mapping वा उपयुक्त सर्भे गरि निगमको भाबि योजना, आयोजना विकास गर्ने, बिस्तार गर्ने प्रयोजनार्थ सम्पूर्ण Data Base सहितको As Built Drawing समेत निगमको एकिकृत सूचना प्रणालीमा राखिनेछ।

१२. नयाँ टैंकट्रक तथा विस्थापित (Replacement) भई नयाँ आउने टैंक ट्रकलाई इण्डियन आयल कर्पोरेसनले अपनाउने लोडिङ्ग पद्धतिसँग Compatible हुने गरी Bottom Loading लगायत अन्य सुधार कार्यहरु गर्ने नीति अवलम्बन गरिनेछ। Bottom Loading compatible हुने गरि डिपोहरुमा समेत सुधार प्रक्रिया अगाडि बढाइनेछ।

१३. नागरिक उड्डयन प्राधिकरणको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार आयोजना अन्तर्गतको गुरु योजनामा उल्लेख भएअनुरुप संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको समन्वय समेतको आधारमा हालको हवाई इन्धन डिपो, सिनामङ्गल स्थानान्तरण कार्य प्रक्रिया अगाडि बढाइनेछ।

१४. धनगढी डिपोलाई सुरक्षित स्थानमा स्थानान्तरणको लागि उपयुक्त स्थानमा जग्गा प्राप्तिको कार्यलाई अगाडि बढाइनेछ।

१५. हाल सञ्चालनमा रहेका डिपोहरूको क्रमशः क्षमता विस्तार तथा आधुनिकिकरण गर्दै लगिनेछ।

१६. आवश्यकता अनुसार भण्डारण टैंक रूपान्तरणको कार्यलाई निरन्तरता दिइनेछ। साथै प्रयोगमा नरहेका टैंकहरुलाई मर्मत सम्भार गरि प्रयोगमा ल्याइनेछ।

१७. पोखरामा हवाई ईन्धन भण्डारण गृह र अमलेखगञ्जमा थप दुईवटा ईन्धन भण्डारण गृह निर्माण सम्पन्न गरिनेछ।

१८. भरतपुर, सिमरा, जुम्ला लगायतका विमानस्थलमा हवाई इन्धन स्टेसन सञ्चालनका लागि नागरिक उड्डयन प्राधिकरणको सहकार्यमा आवश्यक अध्ययन तथा कार्य गरिनेछ।

१९. दुर्गम तथा पिछडिएका एवं मध्य पहाडी लोकमार्गमा निगमको आफ्नै पम्पबाट पेट्रोल र डिजेलको खुद्रा विक्री प्रयोजनार्थ आवश्यक अध्ययन गरी जग्गा प्राप्ति गरिनेछ।

२०. टेकु, भैरहवा र नेपालगञ्जको पेट्रोल पम्पहरूलाई निगमको कर्मचारी कल्याण कोष मार्फत् सञ्चालनमा ल्याईनेछ।

२१. थानकोट डिपो हाताभित्र पेट्रोल भण्डारण स्थलको निर्माण गर्न सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

२२. कर्मचारी आवासको लागि व्यवस्थित कर्मचारी आवासको व्यवस्था गर्ने कार्य अगाडि बढाइनेछ।

२३. निगमको डिपोको क्षेत्र विस्तार गर्न डिपोसँग सीमा जोडिएका, चौहदी मिलान गर्नुपर्ने तथा पार्किङ्ग स्थल बनाउन मिल्ने जग्गाहरूको पहिचान गरी जग्गा प्राप्ति गर्ने कार्य अगाडि बढाइनेछ।

२४. निगमको भण्डारण क्षमता वृद्धि गर्न चितवनको लोथर र रुपन्देहीको धकधईमा निर्माण गरिने पेट्रोलियम पदार्थ भण्डारण स्थलका लागि पहिचान गरिएका तर प्राप्त हुन बाँकी थप जग्गा प्राप्त गरिनेछ।

२५. नेपाली सेनालाई दिइदै आएको पेट्रोलियम पाइपलाइनको भौतिक सुरक्षाको जिम्मेवारीलाई निरन्तरता दिइनेछ।

२६. बहुबर्षीय परियोजनाहरुलाई पर्याप्त स्रोत साधनको व्यवस्था गरी समयमै सम्पन्न गरिनेछ। परियोजना कार्यान्वयनका लागि आवश्यक विज्ञ एवं दक्ष जनशक्ति व्यवस्थापन गरिनेछ।

२७. बीस वर्षभन्दा पुराना दमकल, Fuel Dispenser, Refueller तथा अन्य मेशिनरी उपकरणहरूको विस्थापनलाई निरन्तरता दिइनेछ।

२८. निगमका डिपोहरुबाट हुने इन्धनको आपूर्ति र विक्री वितरण प्रकृयालाई प्रभावकारी र व्यबस्थित बनाउन Single Locking System लाई थप प्रभावकारी बनाउदै क्रमश: डिजिटल लकिङ्ग प्रणालीमा रुपान्तरण गरिने कार्य अगाडी बढाइनेछ। साथै डिपोदेखि पेट्रोल पम्पसम्मको दोश्रो चरणको लकिङ्ग सिस्टमलाई यथाशिघ्र कार्यान्वयन गरिनेछ।

२९. बैज्ञानिक आधारमा पेट्रोलियम पदार्थको प्राविधिक नोक्सानीको सीमा कायम गर्न विद्यमान प्राविधिक नोक्सानीको सीमा पुनरावलोकन गरिनेछ।

३०. पेट्रोलियम पदार्थबाट उत्पन्न हुनसक्ने जोखिम न्यूनीकरण गर्न प्रत्येक डिपोमा आवश्यक थप सुरक्षा यन्त्र उपकरणको व्यवस्था गरिनेछ।

३१. खाना पकाउने ग्यास र अन्य पेट्रोलियम पदार्थको कारोबार, प्रयोग र सुरक्षा सम्बन्धी जानकारीमूलक सामग्रीहरू तयार गरी प्रचार प्रसारको कार्यलाई निरन्तरता दिइनेछ।

३२. साँघुरो तथा जोखिमयुक्त स्थानमा रहेका पेट्रोलपम्प सुरक्षित तथा व्यवस्थित स्थानमा स्थानान्तरण गर्न शुरु गरिनेछ।

३३. एल.पी. ग्यासको परल मूल्य आधारमा बजार मूल्य कायम गर्ने साथै घरायसी कार्यमा प्रयोग हुने एल.पी. ग्यास प्रयोगकर्तालाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गरी अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। घरायसी र व्यापारिक प्रयोजनको लागि प्रयोग हुने एल.पी.ग्यासको सम्बन्धित निकायसँग समन्वय गरी वितरण प्रणाली पुनरावलोकन गरिनेछ।

३४. निगमको संगठन संरचना र दरबन्दीलाई समयानुकूल पुनरावलोकन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरिनेछ।

३५. निगमको कार्य प्रक्रिया, प्रणाली र संरचनात्मक सुधारका विषयहरू समेटी दश वर्षीय कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ।

३६. निगमका कानूनी दस्तावेज तथा विनियमावलीहरुलाई समयानुकूल बनाउन आवश्यक परिमार्जन गरिनेछ। आवश्यकता अनुसार नयाँ कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गरिनेछ।

३७. निगममा कार्यरत जनशक्तिको समयानुकूल क्षमता विकास गरिनेछ।

३८. निगमको प्रशासनिक खर्चमा मितव्ययिता अपनाई वित्तीय अनुशासन कायम गरिनेछ।

३९. संस्थागत सामाजिक उत्तरदायित्व (CSR) मार्फत पेट्रोलियम आगजनी नियन्त्रण तथा वातावरण संरक्षण लगायतका नयाँ कार्यक्रमहरू सञ्चालन गर्नुको साथै हाल भइरहेका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।